सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५ ♦ २०८२ साल भदौ २८ शनिवार ♦ 13 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# कार्की पहिलो महिला प्रधानमन्त्री

## प्रतिनिधि सभा विघटन, फागुन २१ गते निर्वाचन घोषणा

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, बर्दिवास**

राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको छ । निडर र कुशल न्यायमूर्तिका रूपमा चर्चित नवनियुक्त प्रधानमन्त्री कार्कीले शुक्रबार शपथग्रहणलगत्तै प्रतिनिधि सभा विघटनको सिफारिस गर्नुभयो । राष्ट्रपति पौडेलले प्रधानमन्त्री कार्कीको सिफारिसबमोजिम भदौ २७ गते शक्रबार राति ११ बजेदेखि लागु हुने गरी वर्तमान प्रतिनिधि सभा विघटन गर्नुभएको छ । राष्ट्रपति कार्यालयका उपसचिव रुपेशजङ्ग थापामगरका अनुसार राष्ट्रपति पौडेलले २०८२ फागुन २१ गते बिहीबार प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्नुभएको छ ।



जेनजी अभियानको भदौ २३ र २४ गतेको आन्दोलनले नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) को गठबन्धनलाई सत्ताच्युत गरेपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालले प्रथम महिला प्रधानमन्त्रीका रूपमा कार्कीलाई प्राप्त गरेको हो । राष्ट्रपति कार्यालयमा शुक्रबार राष्ट्रपति पौडेल, नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देल, जेनजी अभियानका प्रतिनिधिलगायत सरोकारवालासँगको संवादपछि देशले नयाँ प्रधानमन्त्री पाएको हो ।

भदौ २३ र २४ गतेको आन्दोलनले देश तहसनहस भएलगत्तै राष्ट्रपति पौडेल र नेपाली सेनाको समन्वयमा निरन्तर संवाद भएको थियो । भदौ २५ र २६ गते राष्ट्रपति पौडेल, प्रधान सेनापति सिग्देल र जेनजीका प्रतिनिधिबिच संवाद भएको थियो । राष्ट्रपति पौडेलले पनि बिहीबार संविधानविद्सँग छुट्टै संवाद गर्नुभएको थियो । निरन्तर संवाद हुँदा पनि जेनजी अभियन्ता अलग अलग समूहमा विभाजित भएर आन्दोलनको स्वामित्व लिन खोजेपछि देशमा प्रधानमन्त्री नियुक्त गर्न ढिलाइ भएको थियो तर जेनजी आन्दोलनको अगुवाइ गर्ने समूहसँग प्रधान सेनापति सिग्देलले बुधबार, बिहीबार र शुक्रबार गम्भीर विमर्श गरेपछि जेनजीद्वारा प्रस्ताव पूर्वप्रधान न्यायाधीश कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको छ । नवनियुक्त प्रधानमन्त्री कार्की शुक्रबार शपथग्रहण गर्दै गर्दा सामान्य पोसाकमा उपस्थित हुनुभयो । राष्ट्रपति पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, सर्वोच्च अदालतका प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत सहित उच्च पदाधिकारी उपस्थित लहरसामु शपथग्रहण गर्दा उहाँको सादगीपूर्ण जीवनशैली आउने पुस्ताका लागि पनि प्रेरणादायी थियो । राष्ट्रपति पौडेलले नवनियुक्त प्रधानमन्त्री कार्कीलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै आफू र देशलाई सफल बनाउन आग्रह गर्नुभयो ।

उहाँलाई बधाई दिन जेनजी अभियन्ता राष्ट्रपति भवन शीतल निवास पुग्नुभयो । उहाँहरूले प्रधानमन्त्री कार्कीले देशलाई निकास दिने भरोसा र विश्वास पनि व्यक्त गर्नुभएको थियो । यो अवसरमा प्रतिनिधि सभाका सभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष सहभागी देखिनुभएन । "अन्तिम क्षणमा खबर आयो, बाहिर थिएँ, उपस्थित हुन सकिनँ," राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले भन्नुभयो । नवनियुक्त प्रधानमन्त्री कार्कीको पदभार ग्रहण प्रधानमन्त्री कार्यालयमा चाहिँ शुक्रबार भएन ।

### राष्ट्रपति कार्यालयको प्रस्टोक्ति

राष्ट्रपति कार्यालयका उपसचिव रुपेशजङ्ग थापामगरले राष्ट्रपति रामचन्द्र पौडेलले 'राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिका आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी सुशीला कार्की, मोरङलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको' जानकारी दिनुभएको छ ।


उहाँले विज्ञप्तिमार्फत मुलुकमा

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पहिलो नागरिक सरकारले व्यहोरेको जंगी अड्डादेखि शीतल निवाससम्मको यात्रा



**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, बर्दिवास**

जेन जी आन्दोलनपछि अन्तरिम सरकारको नेतृत्व छनोटको जटिल प्रक्रिया सैनिक मुख्यालय जंगी अड्डाबाट सुरु भएर राष्ट्रपति कार्यालय शीतल निवासमा पुगेर अन्ततः टुंगिएको छ । र, नेपालको राजनीतिक इतिहासमा पहिलो नागरिक सर कार बन्ने पक्का भएको छ ।

शुक्रबार साँझ शीतल निवासमा आयोजित राष्ट्रपतिसहित जेन जी प्रतिनिधिहरूको महत्वपूर्ण बैठकमा अन्तरिम सरकारको प्रमुखमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नियुक्त गर्ने सहमति भएको हो ।

शुक्रवार राती नै राति ९ बजे कार्कीलाई अन्तरिम सरकारका प्रधानमन्त्रीको हैसियतमा शपथ गराइएको छ।

## जंगी अड्डादेखि शीतल निवाससम्म

संक्रमणकालीन अवस्थामा मुलुकको नेतृत्वको लागि शीतल निवासले तत्कालको संकट पार लगाएको छ । भदौ २३ र २४ मा भएको व्यापक जेन जी आन्दोलनले प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य बनाएपछि नयाँ नागरिक सरकार गठनको विषयमा राष्ट्रपति रामचन्द्र पौडेलको निर्देशनमा जंगी अड्डाले समन्वय गरेको थियो ।

सैनिक मुख्यालयअगाडि जेन जी प्रतिनिधिहरूले आफ्नो प्रतिनिधित्वको विषयलाई लिएर प्रदर्शन गर्न थालेपछि राष्ट्रपति आफूले नै वार्ता गर्ने वातावरण बनेको थियो । आन्दोलनपछि शान्ति सुरक्षा कायम गर्ने जिम्मा पाएको नेपाली सेनाले आफ्नो सक्रिय भूमिका पूरा गरेको थियो ।

आन्दोलनमा रहेको जेन जीको वास्तविक प्रतिनिधि पहिचान गर्न सैनिक मुख्यालयमा डाकिएको थियो । जेन जी आन्दोलनमा सहभागी विभिन्न समूहले आफूहरू 'स्टेक होल्डर' रहेको भन्दै वास्तविक प्रतिनिधि रहेको दाबी पेस गर्न ठूलो भीड लागेको थियो।

## अन्तरिम प्रधानमन्त्री बन्न हानाथाप !

भीड मात्र नभएर अन्तरिम सर कारको प्रमुख बन्ने भन्दै धरान उपमहानगरपालिकाका मेयर हर्कराज साम्पाङ जंगी अड्डासम्म पुगेका थिए। जेनजी आन्दोलनको एउटा पक्षले अनलाइन मतदानमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीमा सर्वाधिक मत रहेको भन्दै कार्कीलाई नेतृत्वको लागि अघि सारेको थियो ।

तर, सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउन हुन्छ या हुँदैन भन्ने विषयमा जेन जीका केही समूहबीच जंगी अड्डा अगाडि नै झडप निम्तिएको थियो ।

स्वतन्त्र निर्वाचित हर्क साम्पाङ मात्र नभएर आन्दोलनको 'स्टेक होल्डर' भन्दै राजावादी आन्दोलनकारी दुर्गा प्रसाईंलाई समेत जंगी अड्डाले बोलाएको थियो । प्रसाईं र सेना प्रमुखको भेटको फोटो सामाजिक सञ्जालमा भाइरल भएपछि त्यसमा व्यापक आलोचना भएको थियो ।

## संवैधानिक प्रक्रियाको माग

सेनाको भूमिका सक्रिय रहेको र राष्ट्रपति दृश्यमा नदेखिएको भन्दै सामाजिक सञ्जालको माग सडकसम्म पुगेको थियो । भदौ २६ मा एक कानुन व्यवसायीले संविधानबाटै समस्या खोजिनुपर्ने सन्देश दिन माइतीघर मण्डलामा कर्फ्युकै बीचमा संविधानको किताब पढ्न बसेका थिए ।

नेपाल बार एसोसिएसनले समेत बैठक बसेर संविधानवाद र लोकतान्त्रिक विधिबाटै मुलुकको विद्यमान संकट टार्नुपर्ने आधिकारिक धारणा व्यक्त गरेका थिए ।

'संवैधानिक सर्वोच्चता बाहिरबाट खोजिने कुनै पनि समाधान वा नियुक्ति नेपाल बार एसोसिएसन स्वीकार गर्दैन, विरोध गर्छ । यसो नगर्न हार्दिक अनुरोध गर्छौं । अन्त्यमा हालको संकटको निकास संवैधानिक मान्यताभित्र खोज्न जेनजीलगायत सम्पूर्ण जनसमुदायमा नेपाल बार एसोसिएसन हार्दिक अपील गर्छ,' बारले विज्ञप्ति जारी गर्दै भनेको थियो ।

त्यही दिन केही युवाहरूले काठमाडौंको बबरमहलमा प्लेकार्डसहित राष्ट्रपति सार्वजनिक गर्न माग गरेका थिए । नेपाली सेनाले लगाएको निषेधाज्ञाकै बीच हाम्रो राष्ट्रपति सार्वजनिक गर, जंगी शासन चाहिंदैन, संवैधानिक सर्वोच्चता कायम गर जस्ता नाराको प्लेकार्ड बोकेर उनीहरू सडकमा आएका थिए ।

यतिबेलासम्म राजनीतिक दलका अगुवाहरूले पनि संवैधानिक बाटोबाट आउने संकट समाधान गर्नुपर्ने जिकिर गरेका थिए । यसरी जंगी अड्डाबाट सुरु भएको यो राजनीतिक यात्रा अन्ततः शीतल निवासमा पुगेर एक नयाँ अध्यायको सुरुवात गरेको छ । अन्तरिम सरकार गठनपछि प्रतिनिधिसभा विघटनसमेत हुने सहमति भएको छ । प्रतिनिधिसभा विघटन गर्ने-नगर्ने विषयमा शुक्रबार बिहानदेखि नै अनौपचारिक छलफल भएपनि यस विषयमा तत्काल टुंगो लागेको थिएन ।

## विघटनमा कार्कीको कडा अडानमा राष्ट्रपतिको दुविधा

कार्कीलाई सरकारको नेतृत्व सुम्पिएपछि मात्रै प्रतिनिधिसभा विघटन गर्ने कडा अडानमा राष्ट्रपति पौडेल थिए । तर, राष्ट्रपतिका एक सल्लाहकारका अनुसार अन्तरिम सरकार प्रमुखका रूपमा जेन जीले अघि सारेको कार्कीले संसद् विघटन र आफ्नो नियुक्तिलाई बटमलाइन बनाएकी थिइन् । 'उहाँले संसद् विघटनको मुद्दालाई आफ्नो बटमलाइन बनाइरहनुभएको थियो । किन संसद् विघटन पहिले हुनुपर्ने हो भन्ने विषयमा उहाँले केही खुलाउनु भएको छैन,' ती सल्लाहकारले भने ।

राष्ट्रपतिका ती सल्लाहकारका अनुसार कार्कीले आफ्नो अडान प्रेस गरेपछि राष्ट्रपति पौडेलले आफूले दलहरूलाई प्रधानमन्त्रीमा कार्कीलाई नियुक्तिका लागि मनाएकाले प्रधानमन्त्री नियुक्ति अघि संसद् विघटन गर्न नसकिने कुरा सुनाएका थिए । तर, जेनजी समूहका प्रतिनिधिहरूले विघटन नगरे फेरि आन्दोलनमा जाने चेतावनी दिएपछि राष्ट्रपति पौडेलले अन्ततः सहमति जनाएका छन् ।

# कार्की पहिलो महिला...

उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकाङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालासँगको परामर्शसमेतका आधारमा नेपालको संविधानबमोजिम राष्ट्रपतिका अन्तरनिहीत संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवं नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्न आवश्यक भएकाले नयाँ प्रधानमन्त्री नियुक्त गर्नुभएको प्रस्ट पार्नुभएको छ । उहाँका अनुसार राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष नवनियुक्त प्रधानमन्त्री कार्कीले नेपालको संविधानको धारा ८० बमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

## महिला प्रधानमन्त्री

नेपालको संसदीय अभ्यासमा महिला मन्त्री भएको ६६ वर्षपछि कार्यकारी पद प्रधानमन्त्रीमा पहिलो महिला नियुक्ति भएको छ । नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले २०१६ जेठ १३ गते कांग्रेस नेतृ द्वारिकादेवी ठकुरानीलाई मन्त्रीपरिषद्मा सामेल गर्नुभएको थियो ।

नवनियुक्त प्रधानमन्त्री कार्की नेपाली महिला आन्दोलनका सशक्त हस्तीलाई पछि पार्दै ४२ औं प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो । राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले प्रतिनिधि सभा विघटन भए पनि राष्ट्रिय सभा कायम रहने बताउनुभयो । "यो सभा विघटन हुने परिकल्पना संविधानमा छैन," उहाँको भनाइ छ । सभामुख देवराज घिमिरेसँग पटक पटकको सम्पर्क प्रयास सफल हुन सकेन ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जितिया पर्वको तयारीमा मिथिलानी

**खबर दर्पण समाचारदाता**
**भदौ २८ गते, बर्दिवास**



राजनीतिक घटनाक्रमले असजिलो बनेको परिवेशबीच नै सन्तानवती मिथिलानी (मिथिलाका नारी) ले जितिया पर्वको तयारी थालेका छन् । निषेधाज्ञा र कर्फ्यूका बीच मिथिला क्षेत्रका सन्तानवती महिलाले यो पर्वको तयारी थालेका हुन् ।

प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (असोज कृष्णपक्ष) सुरु हुनासाथै पुत्रवती मिथिलानी (मिथिलाका नारी)ले जितियाको चर्चा र तयारी सुरु गर्छन् । यसपक्षको अष्टमी तिथिका दिन सन्तानको कल्याण कामनाका साथ गरिने यो पर्व यसपटक आगामी आइतबार (पर्सी)परेको छ । मिथिलामा यो पर्व पौराणिक र पारम्परिक महत्वको मानिन्छ । “पर्व आइसक्यो, तर कर्फ्यू अर्झै हटेको छैन, सरसामान जुटाउन हाटबजार आउजाउ गर्न अर्झै सहज भइसकेको छैन”, जलेश्वर-५ चौरियाकी बासिन्दा पेसाले शिक्षक नायडु तिवारी भन्नुहुन्छ, “हामीलाई भने पर्वले छोपी सकेको छ ।”

‘जितिया पावनी बड भारी’ ९जितिया पर्व कठिन छ० मिथिलामा कठोर व्रत परम्पराको परिचय बनाएको यो पर्वका लागि मिथिलानी पितृपक्ष सुरु हुनासाथै आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्छन् । असोज कृष्णपक्षको पितृपक्ष सुरु हुनासाथै आम मिथिलानीबीच हुने भलाकुसारीमा जितियाकै तयारीको चर्चा हुन्छ । यो पक्ष सुरु हुनासाथ मिथिलानी आफ्ना कूलपुरोहितसँग सम्पर्क गरेर व्रतको दिनको टुङ्गो गर्न व्यग्रर्भैं हुन्छन् ।

सन्तानवती महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ । अष्टमी सुरु हुनु एकघडी (करिब साढे दुई घण्टा) पूर्व सुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एकघडी कटाएर समापन गरिने मैथिल परम्परा छ । उपवासकै दिन रात नकटी नवमी लागेपनि एक अहोरात्र व्रत हुनैपर्ने परम्पराले भोलिपल्टको सूर्योदयपछिमात्र साङ्गता (समापन) गर्नमिल्ने स्थापित परम्पराले कहिलेकाहीँ यो पर्व ३६ घण्टा बढीको समेत गरिएको पाका मिथिलानी सम्झन्छन् । यसपालि यो पर्व ३१ घण्टा केही बढीको छ ।

विद्यापति पञ्चाङ्ग र मिथिला पञ्चाङ्गका आधारमा तीर्थव्रतको टुङ्गो गरिनै मैथिल परम्परा छ । यसअनुसार यसपालि आउने आइतबार बिहान ८:४४ मिनटदेखि नै अष्टमी सुरु हुनेहुँदा सो दिन जितिया व्रत गरिने मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित महेशकुमार झा बताउनुहुन्छ । यसअनुसार भोलि शनिबार मध्यरातदेखि सुरु हुने व्रत एक अहोरात्र र नवमी एकघडी कटाउँदा सोमबार बिहान ७:०० बजे समापन गर्न सकिने उहाँको भनाइ छ । यो समय गणनाले यसपालिको व्रत ३१ घण्टा हुने झाले स्पष्ट पार्नुभयो ।

जितिया पर्वका बर्तालुले व्रतअघिको मध्यरातपूर्व ‘ओगटन’ ९दर० खाएर पर्व सुरु गर्छन् । यसअनुसार यसपालिको ‘ओगटन’ भोलि शनिबार मध्यरातपूर्व हुनेछ । ‘ओगटन’ मा दहीचिउरा खाने आम चलन छ ।

सन्तानको सौर्यवृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै सुरु हुन्छ । यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरियुञ्जेल थुक निल्नु, अञ्जानमै पनि किरा, फट्याङ्ग्रा र झारपात मारिनु, चुँडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ । प्रारम्भमा सन्तान (छोरा/ छोरी)को कल्याण कामनार्थ गरिदै आइएको यो व्रत पछिपछि पितृसत्तात्मक समाज बन्दै गएपछि पुत्रका नाउँमा हुन थालेको अहिलेका आधुनिक मिथिलानी बताउँछन् । तर अब लैङ्गिक विभेदविरुद्धका सामाजिक सचेतना अभियान बढ्दै गएपछि फेरि सन्तान (छोराछोरी) कै नाउँमा गर्ने प्रचलन बढ्दै गएको मटिहानी नगर कार्यपालिकाको कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपा दास बताउनुहुन्छ ।

मिथिलामा यो पर्व सौर्य र पराक्रमको प्रतीक मानिनछ । ‘तोहर माय जितिया कैने छौ त आ भिड’ (तिम्री आँमाले जितिया गरेकी छन्भने आउ भिड) मिथिला क्षेत्रमा हुने झैझगडामा एकअर्कोपक्षलाई ललकार्नु पऱ्यो भने मैथिल यस्तै भन्छन् । यस उक्तिले पनि पर्वको महत्व झल्कने मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ । “सन्तानको सौर्यवृद्धि र कल्याणको कामना गर्दै आँमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ”, झा भन्नुहुन्छ, “कुनै मानिस लुरे, डरछेरुवा वा हुतिहारा देखिए यसका लागि आँमाले जितिया व्रत गरिनछन् भन्ने टिप्पणी जोसुकैले गर्ने गर्छन् ।” मिथिलामा यो व्रत बारे गरिने यस्ता टिप्पणीले पनि पर्वको अपरिहार्यता र महत्ता बढाएको आम मैथिल बताउँछन् ।

सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा चलेको मानिन्छ । पितृपक्षमा पुरुषले दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरुले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने गरिएको मिथिलानी बताउँछन् । “हामी बर्तालु यस पर्वमा सासु, बुढीसासु, आँमा, बज्यै, बुढीबज्यै, फुपू, जेठानीदेउरानी, काकी र दिदीसहितका दिवङ्गतलाई तर्पण दिन्छौं” व्रतको तयारीमा रहेकी भङ्गाहा-४ थारुटोल बनराकी आसवती चौधरी भन्नुहुन्छ, “उनीहरुसँग सन्तानलाई स्वर्गबाट आशिर्वाद पठाइ राख्न प्रार्थना गरिन्छ ।”

पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ । बर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द-आमाजु र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई ‘षोडष मातृका श्राद्ध’ पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरुको भनाइ छ । ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिदै ‘तिमी आफ्ना पौत्रपौत्री (नातिनातिना), प्रपौत्रप्रपौत्री (पनातिपनातिनी) र उनका सन्तानको कल्याण गर’ भन्ने कामना गरिन्छ ।


मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिँदै आइएको यो पर्वमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन् । अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरलाई राजा जितवाहन (देवरुप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको बूढापाका बताउँछन् ।


राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापर युगमा नै सुरु भएको मानिन्छ । भविष्य पुराण द्वापरको अन्त्यतिर रचना भएको मानिदा यसलाई सो समयमै थालिएको मान्न सकिने जलेश्वर-४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक ८७ वर्षीय कृष्णचन्द्र झाको भनाइ छ । यसक्षेत्र ९मिथिला०का सबैजसो सन्तानवती मैथिल हिन्दू महिलाले मनाउने यो पर्वमा तीजजस्तै महिलाका लागि मधेस प्रदेश सरकारले विदा दिदै आएको छ । रासस

# अन्तरिम सरकार गठनप्रति भारत र बेलायतले गऱ्यो स्वागत

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

नेपालमा नयाँ अन्तरिम सरकार गठन भएकोमा भारत र बेलायतले स्वागत गरेको छ। पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारलाई भारतले नेपालको शान्ति र स्थायित्वलाई सुदृढ पार्ने सकारात्मक कदमका रूपमा लिएको जनाएको छ।





भारतीय विदेश मन्त्रालयद्वारा शुक्रबार राति जारी विज्ञप्तिमा निकटतम छिमेकी, साझा लोकतन्त्र र दीर्घकालीन विकास साझेदारको रूपमा भारत नेपालसँग दुवै देश र जनताको समृद्धि र हितका लागि नजिकबाट सहकार्य गर्न प्रतिबद्ध रहेको उल्ले छ ।

यस्तै संयुक्त अधिराज्य बेलायतले पनि नेपालमा गत हप्ताको घटनाक्रमपछि सुशिला कार्की प्रधानमन्त्री पदमा नियुक्त भएको विषय महत्वपूर्ण कदम भएको जनाएको छ । काठमाण्डुस्थित बेलायती दूतावासले सामाजिक सञ्जाल फेसबुकमार्फत प्रतिक्रिया जनाउँदै बेलायतले सबैभन्दा पुरानो मित्रको रूपमा आगामी चुनौतीहरूलाई स्वीकार गर्दै जवाफदेहीता र समावेशी शासनका लागि नेपाली आकाङ्क्षालाई समर्थन गर्ने उल्लेख गरेको छ ।

# संविधानविद् विपिन अधिकारीले अन्तरिम सरकारका चुनौतीबारे यसो भन्नुहुन्छ




जेन जी आन्दोलनपछि सैनिक मुख्यालय जङ्गी अड्डाबाट सुरु भएको अन्तरिम सरकारको नेतृत्व छनोटको जटिल प्रक्रिया राष्ट्रपति कार्यालय शीतल निवासमा पुगेर टुङ्गिएको छ। अन्तरिम सरकार प्रमुखको रूपमा ७३ वर्षीया सुशीला कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्ति र शपथ गराएका छन्। जेन जीका प्रतिनिधिले दिएको पूर्व प्रधानन्यायाधीश समेत रहेकी सुशीला कार्कीको नामलाई राष्ट्रपतिले प्रधानमन्त्री बनाएका हुन्।

यो सरकारले छ महिनाभित्र निर्वाचन गराउनुपर्ने जिम्मेवारी छ। जेन जी आन्दोलनपछि गठन भएको सरकारका चुनौती र अवसर हरूबारे घटनाक्रमलाई नजिकबाट नियालेका संवैधानिक कानुनका जानकार विपिन अधिकारसँग गरिएको संक्षिप्त कुराकानी:

**१. अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा सुशीला कार्की नियुक्त हुनुभएको छ। शासकीय व्यवस्थापनको हिसाबले उहाँलाई काम गर्न कत्तिको सहज छ? कत्तिको चुनौती छ?**

आन्दोलनपछिको सरकार भएकाले उहाँलाई धेरै अवसरहरू छन्, शासकीय सुधार गर्न। तर चुनौतीहरू पनि उस्तै छन्।

पहिलो कुरा, उहाँले राष्ट्रपतिसँगको सहमतिमा काम गर्नुपर्ने स्थिति छ। त्यसपछि लगत्तै उहाँको अहिलेको सबैभन्दा ठुलो काम जेन जी आन्दोलनका क्रममा भएको दमन र लुटपाटको छानबिन हो। जेन जी आन्दोलनको पहिलो दिनमा भएको राज्यको दमनको अनुसन्धान र त्यसको अभियोजन गर्ने चुनौतीसहितको काम छ। दोस्रो, आन्दोलनको दोस्रो र तेस्रो दिन घटेका घटनाको अनुसन्धान झनै चुनौतीपूर्ण छ। संसद्, सिंहदरबार र सर्वोच्च अदालतसहित धेरै सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याइएको छ। आगजनी भएको छ। त्यहाँ संलग्न भएका व्यक्तिहरूमाथि अनुसन्धान सुरु गर्नुपऱ्यो।

यसरी हेर्दा पहिलोभन्दा दोस्रो अनुसन्धान गर्न झन् धेरै चुनौती छ। यसमा धेरै मान्छेहरू संलग्न छन्।

**२. भ्रष्ट्राचार नियन्त्रण र सुशासनको विषय पनि सडकमा उठेको थियो। यसको समाधान कसरी होला?**

सरकार गठनको आधार भएको नै जेन जी समूहको भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी माग हो। त्यसका लागि राजनीतिक दलसम्बन्धी कानुनहरू, नेपालको निर्वाचन ऐन, भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी कानुनहरू यी सबैमा पुनरावलोकन गर्नुपर्ने हुन्छ। संशोधन गर्नुपर्ने हुन्छ। त्यो अर्को चुनौती हो।

यो गर्छु भन्दा विभिन्न पक्षले असहयोग गर्ने सम्भावना पनि छ। प्रजातन्त्र र जबाफदेहितालाई सुधार गर्ने आवश्यक संवैधानिक सुधारको लागि गृहकार्य गर्नुपर्ने काम यो सरकारको छ। हुनत संविधानको परिवर्तन सरकारले गर्न गराउन सक्दैन। तर त्यसका लागि आधार तयार पार्न सक्दछ। यो सरकारबाट त्यो काम हुनुपर्दछ।

प्रधानमन्त्रीले कार्यकारिणी अधिकारको प्रयोग गरेर आवश्यकताअनुसार मन्त्रिपरिषद्को निर्णयको आधारमा कामकार बाही अघि बढाउन सक्नुहुन्छ। त्यसका लागि कानुन पनि छ, प्रणाली पनि छ।

**३. संविधान संशोधनको माग पनि आन्दोलनले गरेको छ। यसमा के हुन्छ?**

संविधान संशोधन सडकबाट पनि हुन सक्दैन, आन्दोलनबाट पनि हुँदैन। संविधानलाई संशोधन गर्न जनमत चाहिन्छ। निर्वाचनद्वारा परीक्षित जनमत चाहिन्छ।

यसको अर्थ, संविधान संशोधनको गृहकार्य अहिलेको सरकारले गर्न सक्छ। तर त्यसका लागि प्रतिनिधिसभाको निर्वाचन हुनुपऱ्यो। त्यो निर्वाचित प्रतिनिधिसभाले राष्ट्रियसभासँग मिलेर संविधान संशोधन गर्नुपऱ्यो।

त्यो अलि अर्कै परिस्थिति हो। किनभने निर्वाचनपछि ब्यालेन्स अफ पावर कसको अनुकूलमा हुन्छ, के परिस्थिति हुन्छ त्यो अनुसार हुन्छ। त्यसमा भर पर्ने कुरा भयो। त्यो कुरा अन्तरिम सरकार ले गर्ने कुरा भएन।-नेपाल भ्युज

# जेनजीलाई बालेनको सम्बोधन- तपाईंहरूको योगदान र बलिदानबाट देशले परिवर्तन पायो




**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

नयाँ प्रधानमन्त्रीमा सुशीला कार्की नियुक्त भएसँगै काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले जेनजीहरूलाई सम्बोधन गरेका छन्।

सामाजिक सञ्जालमार्फत् उनले जेनजीहरूको योगदान र बलिदानबाट देशले परिवर्तन पाएको बताएका छन्।

'प्रिय जेनजी, तपाईंहरूको योगदान र बलिदानबाट देशले परिवर्तन पाएको छ,' मेयर बालेनले भनेका छन्।

उनले जेनजीहरूको यो योगदान अमूल्य रहेको बताएका छन्। 'तपाईंहरूको योगदान अमूल्य छ, जसले सधैं भावी पुस्तालाई देशप्रेम र कर्तव्यबोधको मार्गदर्शन गर्नेछ,' मेयर शाहले भनेका छन्, 'तपाईंहरूप्रति असिम सम्मान।'

गत सोमबार र मंगलबार युवा पुस्ता (जेन-जी)को आन्दोलनको बलमा कार्की प्रधानमन्त्री नियुक्त भएकी हुन्। उनलाई प्रधानमन्त्री नियुक्त गर्न जेनजीहरूले सञ्जालमै छलफल गरेका थिए।

सो छलफलपछि मेयर शाहले पनि कार्कीको नाममा समर्थन जनाएका थिए।

नवगठित सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट जननिर्वाचित संसद् भंग गरेको मुलुकको इतिहासमा यो दुर्लभ घटना हो।

# जेनजी आन्दोलनको आँडमा बर्दिबासको जंगलबाट १८३ वटा सालका रुखहरु काटियो






**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**भदौ २७ गते, महोत्तरी**

जेनजी आन्दोलनको आँडमा महोत्तरीको बर्दिबास नगर पालिकाको जंगलबाट १८३ वटा सालका रुखहरु काटिएको पाइएको छ।

प्राप्त जानकारी अनुसार बर्दिबास नगरपालिका-५ टुटेश्वरस्थित टुटेश्वरनाथ साझेदारी वन उपभोक्ता समितिको मातहतका जंगलबाट १८३ वटा सालका रुख जेनजी आन्दोलनको नाममा केहि व्यक्तिहरुले काटेका हुन्।

साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष विनय झाले आन्दोलनको समयमा केहि युवाहरूको समूहले दिउँसो समितिको कार्यालयमा पसेर आगजनीको प्रयास गरेको तर आफूहरुले आगजनीको प्रयास असफल बनाएको बताउनुभयो। अध्यक्ष झाका अनुसार सोहि समूहले सोही दिन कार्यालय समय पश्चात १८ वटा सालका रुख काटे। त्यसपछि भोली पल्ट बुधबार थप १६५ वटा सालका रुख काटेको पाइएको छ।

घटनापछि, समितिले प्रहरीलाई खबर गरे पछि बुधबार रुख कटानमा संलग्न रहेको आरोपमा कृष्ण घलान सहित दुई युवालाई पक्राउ गरिएको थियो। । तर, सयौं गाउँलेहरूले प्रहरीलाई घेरेपछि पक्राउ गरिएका व्यक्तिहरूलाई प्रहरीले मुक्त गरि दिएको थियो।

रुख कटानको घटनाबारे अहिले अनुसन्धान जारी छ र संलग्न व्यक्तिहरूलाई कानुनी कारबाही गर्नका लागि स्थानीयवासीहरूले माग गरिरहेका छन्।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,